क्रियाकलाप पुस्तक

# रङ्ग भर्ने समय

बाइबल अध्ययन-१



# १.येशूको जन्म

“तिनले एउटा बालक जन्माउने छिन्, तिमीले उनको नाँउ येशू राख्नु
किनभने उहाँले आफ्ना मानिसहरु तिनीहरुका पाप बाट बचाउने हुनेछ ।”
(मत्ति १:२१)



# २.तारालाई पछ्याउदै

“ए बेथलेहेम, यहुदा मुलुकको गाउँ तँ कुनै किसिमले यहूदाका शासकहरुका
बिचमा कुनै भन्दा पनि तुच्छ छैनस् किनकि तँ बाट एकजना शासक निस्(
कआउनेछन् जसले मेरा मानिस, इस्राएलको हेरचाह गर्नेछन् ।”
(मत्ती २:६)



# ३.येशूले बप्तीस्मा लिनु भयो

अनि येशू बप्तिष्मा लिएर तुरुन्तै पानीबाट माथि निस्(कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरको आत्(मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफू माथि आउनुभएको देख्नुभयो । तब स्वर्गबाट यो वाणी आयो, “यिनी मेरा प्रिय पुत्र हुन् यिनीसँग म अति प्रसन्न छु ।
(मत्ती ३:१६-१७)



# ४.येशू परीक्षीत् हुनुभयो

“लेखिएको छ तैँले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू ।”
(मत्ती ४:७)



# ५.मानिसको जालाहारी, पत्रुस

येशूले सिमोनलाई भन्नुभयो, “नडराउ, अब देखि तिमीले मा(
नसहरुलाई पकनेछौ ।” अनि जब तिनीहरुले आफ्नो ढुङ्गा
पाखामा ल्याए, तिनीहरुले सबै थोक त्यागेर उहाँको पछि लागे ।
(लूका ५:१०-११)



# ६.येशूले गर्नु भएको पहिलो आश्चार्य कर्म

“उहाँका चिन्हहरु मध्ये यो पहिलो चिन्ह येशूले गालिलको कानामा
गर्नुभयो । यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि
उहाँका चेलाहरुले उहाँमाथि विश्वास गरे ।” (यूहन्ना २:११)



# ७.यो आधी हो, मलाइ डर लाग्यो, येशू

“अनि तिनीहरुले नजिक आएर उहाँलाई यसो भन्दै ब्यूँझाए, “गुरुज्यू, गुरुज्यू, हामी डुब्न लाग्यौ ।” उहाँले उठेर बतास र प्रचण्ड लहरलाई हकार्नुभयो, र ति थामिए अनि सबै शान्त भयो ।

(लूका ८:२४)



# ८.म घर फर्कन चाहन्छु, पिता

“तब तिनले त्यसलाई भने, ‘छोरा, तँ त मसँग सधैंभरि छदैछस्, अनि मेरो सबै सम्पति तेरै हो । तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाई मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ ।”

(लूका १५:३१-३२)



## ९.जखायस, मकहाँ तल आऊ

तब येशूले तिनलाई भन्नुभयो, “आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन् । किनभने मानिसका पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो ।”
(लूका १९:९-१०)



## १०.बालकहरुलाई मकहाँ आउन देऊ

“साँच्चै म तिमीहरुलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तो ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन ।” अनि उहाँले तिनीहरुलाई काखमा लिएर तिनीहरुमाथि आफ्ना हात राखी तिनीहरुलाई आशीर्वाद दिनुभयो ।
(मर्कूस १०:१५-१६)



# ११.मरेका लाजरस जिवित पारिएको

येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ । अनि जीउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास गर्छ्यौ ?"
(यूहन्ना ११:२५-२६)



# १२.सानी केटी, उठ !

अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी, " जसको अर्थ हो "ए बालिका, म तिमीलाई भन्दछु, उठ ।"
(मर्कूस ५:४१)

